रोजगार सेवा केन्द्रको अपरिहार्यता

(डिजिटल अध्ययन प्रतिवेदन)

अध्ययनकर्ता

संदीप कुमार साह

कृष्ण ज्ञवाली





रोजगार सेवा केन्द्रको अपरिहार्यता (डिजिटल अध्ययन प्रतिवेदन)

अध्ययनकर्ता: **संदीप कुमार साह**
वेभसाईटः www.sandeepksah.com.np
इमेलः sandeepkumarsah210@gmail.com
फोनः ९८५११८८२१०

कृष्ण ज्ञवाली
इमेलः krishnagyawali19@gmail.com
फोनः ९८४९३५३२६९

प्रकाशन सहयोग: पोलिसी इन्नोभेसन एन्ड ट्रान्स्फर्मेसन नेपाल
(ईम्प्लोयमेन्ट सेक्टर रिफर्म डायलग फोरम)
गौर, रौतहट
मधेश प्रदेश, नेपाल
इमेलः esrdfnepal@gmail.com
फोनः ९८४५५५१६९९

लुम्बिनी डेभलपमेन्ट भिजन नेपाल
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
फोनः ९८६७४३४३१०

अध्ययनकर्ताको कलमबाट

नेपालको श्रम बजार आज गम्भीर संरचनागत चुनौतीबाट गुज्रिरहेको अवस्था छ। एकातिर बढ्दो युवा बेरोजगारी, अर्कोतिर सीप र रोजगारीबीचको असन्तुलन र त्यसको प्रतिफलस्वरूप वैदेशिक रोजगारीमा अत्यधिक निर्भरता रहेको छ। यी चुनौतीहरूलाई दीर्घकालीन रूपमा समाधान गर्न नेपालको संविधानद्वारा प्रत्याभूत गरिएको रोजगारी सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्न तथा नागरिकलाई सम्मानजनक रोजगारीको अवसर सुनिश्चित गर्न नेपाल सरकारद्वारा जारी रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी स्थानीय तहलाई रोजगारी प्रवर्द्धनको अग्रपंक्तिमा उभ्याएको छ।

यस अध्ययनको मुख्य उद्देश्य नेपालमा सञ्चालित रोजगार सेवा केन्द्रहरूको संस्थागत अवस्था, कार्यक्षमता, चुनौती र सम्भावनाहरु पहिचान गरी तिनको अपरिहार्यता र सुधारका उपायहरू प्रस्तुत गर्नु हो। स्थानीय तहमा रोजगारी सिर्जना एवम् प्रवर्द्धन गर्न, श्रम बजार व्यवस्थापन गर्न, करियर परामर्श, सीप र रोजगारीबीचको सन्तुलन कायम गर्न अत्यावश्यक संयन्त्रका रूपमा रोजगार सेवा केन्द्रहरूले भूमिका निर्वाह गरिरहेको अध्ययनबाट देखिन्छ। रोजगार सेवा केन्द्रहरूको संस्थागत सुदृढीकरण, जनशक्तिको उपलब्धता, क्षमता विकास, प्रविधि पहुँच र नीति कार्यान्वयन पक्षमा कमजोर रहेको अध्ययनले देखाएको छ।

यस अध्ययनका क्रममा हरेक प्रदेश र सबै जिल्लालाई समेटने गरी कुल दुई सय सत्चालिस वटा स्थानीय तह अन्तर्गत रहेका रोजगार सेवा केन्द्रहरुबाट तथ्याङ्क संकलन गरिएको थियो। साथै विभिन्न सरोकारवाला निकाय, विज्ञ र रोजगार संयोजकहरुसंग समेत छलफल गरिएको थियो। यस अध्ययन प्रतिवेदनलाई तयार पार्ने क्रममा सहयोग पुऱ्याउनु हुने रोजगार संयोजकहरु, सरोकारवाला निकाय, विज्ञ तथा स्थानीय तहका जनप्रतिनिधिहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं। यो संक्षिप्त प्रतिवेदनले नेपालमा रोजगार सेवा केन्द्रहरूको संस्थागत सुदृढीकरण र कार्यक्षमता अभिवृद्धिका लागि नीतिनिर्माता, विकास साझेदार, निजी क्षेत्र लगायत तीनै तहका सरकारहरूका लागि मार्गदर्शनका रूपमा उपयोगी हुने आशा गरिएको छ।

सशक्त, सक्षम र सुदृढ रोजगार सेवा केन्द्रले रोजगारीको हकलाई कार्यान्वयन एवम् व्यवहारमा रुपान्तरण गर्न सक्छ। नेपालको श्रम बजारमा सुधार ल्याउन, सुरक्षित र मर्यादित बनाउन, रोजगारी सिर्जना एवम् प्रवर्द्धन गर्न, युवाहरुलाई स्वदेशमै रोजगारी प्राप्त गर्न सहजीकरण गर्न, श्रमिकको हक अधिकारको संरक्षण गर्ने, वैदेशिक रोजगारलाई सहज, सुरक्षित, मर्यादित र शोषण रहित बनाउन तथा समावेशी र आर्थिक विकासमा दीर्घकालीन रुपमा योगदान पुऱ्याउने प्रमुख माध्यमका रूपमा रोजगार सेवा केन्द्रहरू अपरिहार्य रहेको अध्ययनको निश्कर्ष छ।

मितिः २०८२/०७/२७

विषयसूची

एकाई एकः अध्ययनको परिचय ५
१.१ अध्ययनको पृष्ठभूमि ५
१.२ अध्ययनको उद्देश्य ५
१.३ अध्ययनको विधिहरु ५
१.४ तथ्याङ्क संकलन ६
१.५ अध्ययनका दायराहरु ६
एकाई दुईः अध्ययनबाट प्राप्त तथ्य र विश्लेषण ७
२.१ रोजगार सेवा केन्द्रको न्यूनतम रोजगारी उपलब्ध गराउने उद्येश्य बमोजिम सञ्चालित कार्यक्रमको उपलब्धी ७
२.१.१ सूचिकृत बेरोजगार व्यक्तिहरुको अवस्था ७
२.१.२ आयोजना सञ्चालनको अवस्था ७
२.१.३ रोजगारी प्राप्त गरेको व्यक्तिहरुको अवस्था ८
२.१.४ रोजगारी प्राप्त गरेको औषत दिनको अवस्था ८
२.२ प्रदेशगत रुपमा कार्यक्रमको अवस्था बिश्लेषण ९
२.२.१ सूचीकृत बेरोजगार व्यक्तिहरुको अवस्था ९
२.२.२ रोजगारी प्राप्त गरेको व्यक्तिहरुको अवस्था १०
२.२.३ रोजगारी प्राप्त गरेको औषत रोजगारी दिनको अवस्था ११
२.३ रोजगार सेवा केन्द्रबाट प्रदान गरिने वैदेशिक रोजगार सम्बन्धी सेवाहरुको अवस्था १२
२.३.१ पुनः श्रम स्वीकृतिमा सहजीकरणको अवस्था १२
२.३.३ सिपमूलक तालिममा सहभागी हुनका लागी सहजीकरण १३
२.३.४ रोजगारीमा सिफारिस गरेको अवस्था १३
२.३.५ वैदेशिक रोजगार बोर्डले प्रदान गर्ने आर्थिक सहायतामा सहजीकरणको अवस्था १३
२.३.५.१ वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका व्यक्तिहरुको शव झिकाउने र शव ढुवानीको कार्यमा सहजीकरण १४
२.३.५.२ वैदेशिक रोजगारीका क्रममा हराएका वा सम्पर्क विहिन भएका व्यक्तिहरुको उद्दार तथा खोज तलासमा सहजीकरण १४
२.३.५.३ वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका परिवारलाई आर्थिक सहायताका लागि सहजीकरण १५

२.३.५.४ वैदेशिक रोजगारीका क्रममा विरामी वा अंगभंग भएकाले प्राप्त गर्ने क्षतिपूर्तिका लागि सहजीकरण १५

२.३.५.५ वैदेशिक रोजगारीमा रहेका श्रमिकका परिवारलाई पारिवारिक स्वास्थ्य उपचारमा सहजीकरण.....१६

२.३.५.६ वैदेशिक रोजगार सन्तती छात्रवृतिमा सहजीकरण.....१६

एकाई तीनः रोजगार सेवा केन्द्रको परिचय र आवश्यकता १७

३.१ रोजगार सेवा केन्द्रको परिचय १७

३.२ रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार १८

३.३ रोजगार सेवा केन्द्रको उद्देश्यः.....१८

३.४ रोजगार सेवा केन्द्रको आवश्यकता.....१९

एकाई चारः सुझाव र निश्कर्ष २१

४.१ रोजगार सेवा केन्द्रका बाधा अवरोधहरु २१

४.२ रोजगार सेवा केन्द्रलाई प्रभावकारी र पहुँचयोग्य बनाउन सकिने उपायहरु.....२१

४.३ मुख्य नतिजाहरू २२

४.४ सुझावहरू २३

४.५ निश्कर्ष.....२३

रोजगार सेवा केन्द्रसंग सम्बन्धित तथ्याङ्क २५

सन्दर्भ सामग्री..... २९

एकाई एक: अध्ययनको परिचय

१.१ अध्ययनको पृष्ठभूमि

नेपालको अर्थतन्त्रको मुख्य विशेषता कृषि आधारित, आयातमुखी र वैदेशिक रोजगारीमा उच्च निर्भर रहेको छ। देशको ठूलो जनसंख्या विशेषगरी युवा वर्ग बेरोजगारी वा अर्द्ध बेरोजगारीको अवस्थाबाट गुज्रिरहेको छ। नेपालको संविधानले रोजगारी सम्बन्धी हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको भए पनि व्यवहारमा रोजगारीको पहुँचमा असमानता, सूचनाको अभाव र रोजगारीका अवसरहरुको कमी रहेको विद्यमान अवस्था छ। यी समस्याहरू समाधान गर्नका लागि रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गर्ने व्यवस्था गरे अनुरुप सबै स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना भई सेवा प्रवाह गर्दै आएको छ। तर यी केन्द्रहरूको सञ्चालनमा विभिन्न समस्या तथा चुनौतीहरू देखिएको छ। रोजगार सेवा केन्द्रहरूलाई स्थानीय श्रम बजार सूचनाको केन्द्र, रोजगार सेवा, सूचना, रोजगार परामर्श, सीप विकास र रोजगार विनिमय गर्ने संयन्त्रका रूपमा परिचालन गर्ने उद्देश्य रहेको छ। नेपालको सन्दर्भमा रोजगार सेवा केन्द्रहरूको आवश्यकता र अपरिहार्यता, संस्थागत अवस्था, प्रविधिगत पहुँच, मानव संसाधनको उपलब्धता, कार्यक्षमता, प्रभाव, समस्या र सुधारका उपायहरूको बारेमा यस अध्ययनले यथार्थपरक चित्रण गर्ने प्रयास गरिएको हो।

१.२ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नप्रकार रहेका छन्।

- रोजगार सेवा केन्द्रहरूको अपरिहार्यता र औचित्यता पहिचान गर्नु,
- केन्द्रहरूको वर्तमान अवस्था, भूमिका र प्रभावकारिता मूल्याङ्कन गर्नु,
- संस्थागत र कार्यान्वयन पक्षका कमजोरी पहिचान गरी सुधारका उपाय सुझाउनु,
- वैदेशिक रोजगार सम्बन्धी सेवा र सुविधामा सहयोग र सहजीकरणहरुको योगदान स्पष्ट गर्नु।

१.३ अध्ययनको विधिहरु

यस अध्ययनले सबै प्रदेश र सबै जिल्लालाई समेटने गरी कुल दुई सय सत्चालिस स्थानीय तह मातहतका रोजगार सेवा केन्द्रहरूसंग तथ्याङ्क संकलन गरिएको छ। यसका साथै केहि रोजगार संयोजकहरूसँग छलफल र सम्वाद्, सरोकारकारवाला निकायहरुसंग छलफल र सम्बन्धित ऐन, नियमावली, नीति, कार्यविधि, वार्षिक प्रतिवेदनहरूको समीक्षा एवम विभिन्न सरकारी तथा विकास साझेदार संस्थाहरुको वेभसाईटमार्फत जानकारी संकलन गरिएको छ। यस अनुसन्धानका लागि अध्ययनको उद्देश्य अनुरुप प्राथमिक तथा द्वितिय तथ्याङ्क र मुख्य जानकार व्यक्तिहरुसँगको अन्तरवार्ता र छलफलबाट प्राप्त तथ्याङ्कहरुलाई आधार लिई तयार गरिएको छ।

१.४ तथ्याङ्क संकलन

यस अनुसन्धानलाई सम्पन्न गर्नका लागी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तयार गरिएका विभिन्न दस्तावेज आधिकारिक वेब पेजबाट वार्षिक रुपमा भएको कामको विवरणहरु संकलन गरिएको छ। यस अन्तर्गत तयार भएका प्रतिवेदनहरुलाई आाधार लिईएको छ। यसैगरि प्राथमिक तथ्याङ्कमा वैदेशिक रोजगार बोर्डका सेवाहरुको बारेमा रोजगार सेवा केन्द्रबाट विभिन्न अनलाईन, गुगल फर्म र प्रत्यक्ष सम्पर्कबाट प्राथमिक तथ्याङ्कहरु संकलन गरि बिश्लेषण गरिएको छ। ७ वटै प्रदेशका ७७ वटै जिल्लाहरुलाई समेट्ने गरि कुल २४७ वटा स्थानीय तहसँग तथ्याङ्क संकलन गरि अध्ययन गरिएको छ।

१.५ अध्ययनका दायराहरु

यस अध्ययनले आर्थिक वर्ष तथा प्रादेशिक रुपमा भएको रोजगार सेवा केन्द्रको कार्यसम्पादनलाई लिएर रोजगार सेवा केन्द्रको सेवा प्रवाहलाई विशेषत: अध्ययन गरिएको छ। यसले अन्य निजी क्षेत्र र रोजगार सेवा केन्द्र बाहेकका क्षेत्रलाई समेट्न सकिएको छैन।

एकाई दुई: अध्ययनबाट प्राप्त तथ्य र विश्लेषण

२.१ रोजगार सेवा केन्द्रको न्यूनतम रोजगारी उपलब्ध गराउने उद्देश्य बमोजिम सञ्चालित कार्यक्रमको उपलब्धी

२.१.१ सूचिकृत बेरोजगार व्यक्तिहरुको अवस्था



रोजगार सेवा केन्द्र स्थापना सगैँ सञ्चालित न्यूनतम् रोजगार कार्यक्रम प्रधानमन्त्री रोजगार कार्यक्रमबाट अति विपन्न बेरोजगार व्यक्तिहरुले सूचिकृत हुनका लागी सूचित गरिएकोमा आर्थिक वर्षको अन्तिम त्रैमासिकमा जारी भएको हुदाँ करिब ३ खाख ७० हजार बेरोजगार व्यक्तिहरु सूचिकृत भएको पाइन्छ । तर क्रमशः आर्थिक वर्ष २०७७/७८ बाट न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिहरुको संख्या दोब्बर भई पुनः करिब १८ प्रतिशतले बृद्धि भएको पाइन्छ ।

२.१.२ आयोजना सञ्चालनको अवस्था



समष्टिगत रुपमा विगतका ६ आर्थिक वर्षहरुमा हेर्दा पहिलो वर्ष कार्यक्रम घोषणा लगाएत रोजगार सेवा केन्द्रको स्थापनाको वर्ष भएको कारण पनि करिब ४५०० आयोजना सञ्चालन भएको देखिन्छ। तर आर्थिक वर्ष २०७७/७८ बाट करिब हरेक वर्ष १० देखि १५ हजार सम्म आयोजनाहरु सञ्चालन भएको देखिन्छ।

२.१.३ रोजगारी प्राप्त गरेको व्यक्तिहरुको अवस्था



कार्यक्रम सञ्चालनको पहिलो वर्षमा अन्तिम त्रैमासिकमा मात्र बजेट निकासा, कार्यान्वयन निर्देशिकाको अलमलका कारण केही करिब १ लाखले मात्र रोजगारी पाएको देखिन्छ। त्यस पश्चात आ.व. २०७७/७८ र आ.व. २०७८/७९ मा रोजगारीमा संलग्न व्यक्तिहरुको संख्या करिब १ लाख ६० हजारको हाराहारीमा रहेको देखिन्छ। आ.व. २०७९/८० बाट विभिन्न कानुन, कार्यविधि र युवारुप कार्यक्रमका सुरुवात जस्ता विभिन्न कार्यक्रम अन्तर्गत क्रमश एक जना व्यक्तिलाई १०० दिनको न्यूनतम रोजगारीमा खटाउनु पर्ने प्रावधान रहे तापनि बजेटमा भएको कटौती र अपर्याप्तता कारण रोजगारी प्राप्त गर्ने व्यक्तिहरुको संख्या क्रमश घट्दै गई १ लाख भन्दा कम भएको देखिन्छ।

२.१.४ रोजगारी प्राप्त गरेको औषत दिनको अवस्था



कार्यक्रमका शुरुवाती वर्षमा समय र कानून कार्यविधिहरुको अन्यौलताका कारण औषत १६ दिनको रोजगारी प्राप्त गरेको अवस्थाबाट आ.व. २०७७/७८ बाट प्रतिव्यक्ति औषतमा करिब ७७ दिनको रोजगारी प्राप्त गरेको देखिन्छ ।

२.२ प्रदेशगत रुपमा कार्यक्रमको अवस्था बिश्लेषण

२.२.१ सूचीकृत बेरोजगार व्यक्तिहरुको अवस्था



न्यूनतम् रोजगारीका लागी सूचिकृत हुने बेरोजगार व्यक्तिहरुको संख्या कर्णाली प्रदेशमा एक वर्षमा करिब २ (दुई) लाखसम्म पुगेको देखिन्छ भने सुदुरपश्चिम प्रदेशमा पनि करिब सोही हाराहारीमा पुगेको देखिन्छ। सबैभन्दा कम गण्डकी प्रदेशमा सूचिकृत भएको देखिन्छ।

२.२.२ रोजगारी प्राप्त गरेको व्यक्तिहरुको अवस्था



रोजगारी प्राप्त गरेको संख्या कर्णालीमा र सुदुरपश्चिममा सबैभन्दा धेरै देखिन्छ । शुरुका वर्षहरुमा पर्याप्त बजेट आउने र त्यसपछि आ.व.२०७९/८० बाट बजेटको मात्रा क्रमशः घट्दै गएपछि रोजगारी प्राप्त गर्नेहरुको संख्यामा कमी हुदैँ गएको देखिन्छ । पछिल्लो वर्षहरु आ.व.२०८०/८१ र आ.व.२०८१/८२ मा सबै प्रदेशमा रोजगारी प्राप्त गर्ने करिब ७ देखि ९ हजार रहेको देखिन्छ ।

२.२.३ रोजगारी प्राप्त गरेको औषत रोजगारी दिनको अवस्था



प्रतिव्यक्ति औषत रोजगारी प्राप्त गर्ने औषत दिन सबैभन्दा बढी सुदुरपश्चिममा करिब ८५ दिन रहेको छ भने कर्णालीमा औषतमा करिब ८० दिनको रोजगारी प्राप्त गरेको देखिन्छ। यसैगरि सबैभन्दा कम मधेश प्रदेशमा औषतमा करिब ५५ दिनको रोजगारी प्राप्त गरेको देखिन्छ। अन्य प्रदेशहरुमा औषतमा प्रति व्यक्ति ७० दिनभन्दा माथि नै रोजगारी प्राप्त गरेको देखिन्छ।

२.३ रोजगार सेवा केन्द्रबाट प्रदान गरिने वैदेशिक रोजगार सम्बन्धी सेवाहरुको अवस्था

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको निर्णयानुसार मिति २०८०/०१/०२ गतेदेखि स्थानीय तह अन्तर्गतका रोजगार सेवा केन्द्रबाटै व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतका लागि सहजीकरणको व्यवस्था गरिएको हो । पुनः श्रम स्वीकृतिको सेवालाई बिस्तार गरि स्थानीय तहको रोजगार सेवा केन्द्रबाट पनि प्रवाह गर्न सकिने निर्णय पश्चात रोजगार सेवा केन्द्रले सो सेवा समेत प्रवाह गर्दै आएको छ । त्यसपछि वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरु लगायत आर्थिक सहायताका सेवाहरुमा समेत रोजगार सेवा केन्द्रमार्फत सहजीकरण हुदै आएको छ । वैदेशिक रोजगार बोर्डले दिने आर्थिक सहायता लगायतका सेवाहरुको अवस्था अध्ययन गर्न गरिएको नेपालका ७ वटै प्रदेशका ७७ वटै जिल्लाको प्रतिनिधित्व हुने गरि २४७ स्थानीय तहमा गरिएको सर्वेक्षणको अध्ययनबाट देहाय बमोजिमको अवस्था देखिएको छ ।

२.३.१ पुनः श्रम स्वीकृतिमा सहजीकरणको अवस्था

रोजगार सेवा केन्द्रबाट पुनः श्रम स्वीकृतिको सेवा शुरु भएछि हालसम्म करिब ३० हजार पुनः श्रम स्वीकृतिको सेवा प्रवाह भएको देखिन्छ । अध्ययनका लागि लिइएको नमुना संकलन अनुसार कोशी प्रदेश र मधेश प्रदेशमा सबैभन्दा बढी पुनः श्रम स्वीकृति लिएको देखिन्छ ।



२.३.२ वैदेशिक रोजगार सम्बन्धी परामर्शमा सहजीकरणको अवस्था

रोजगार सेवा केन्द्रमार्फत वैदेशिक रोजगार सम्बन्धी विभिन्न सूचनामूलक तथा जानकारीमूलक विषयहरुमा पनि सेवा प्रवाह गर्दै आएको छ । यो सेवा शुरु भएपछि करिब १९ हजार व्यक्तिहरुले वैदेशिक रोजगार सम्बन्धी सूचना, जानकारी तथा परामर्श सेवा रोजगार सेवा केन्द्रमार्फत गरेको देखिन्छ ।



२.३.३ सिपमूलक तालिममा सहभागी हुनका लागी सहजीकरण



रोजगार सेवा केन्द्रमार्फत सीप तथा क्षमता विकास तालिमहरुको सञ्चालन, अनुगमन तथा विभिन्न निकायहरुबाट सञ्चालन हुने तालिमहरुमा सहजीकरणको काम समेत हुदै आएको छ । विभिन्न किसिमका व्यवसायिक तथा प्राविधिक सीपमूलक तथा क्षमता विकास तालिममा सहभागी हुन सहजीकरण गरेको बेरोजगार व्यक्तिहरुको संख्या करिब बाह्र हजार पाँच सय रहेको छ । जसमध्ये गण्डकी र बागमती प्रदेशमा करिब तीन हजारलाई सहजीरकरण गरेको देखिन्छ ।

२.३.४ रोजगारीमा सिफारिस गरेको अवस्था



रोजगार सेवा केन्द्रले बेरोजगार व्यक्ति वा रोजगारीको खोजीमा रहेको व्यक्ति वा रोजगारी परिवर्तन गर्न खोज्ने व्यक्तिहरुलाई रोजगारीमा सहज पहुँचका लागि सहयोग र सहजीकरण समेत गर्दै आएको छ । रोजगार सेवा केन्द्रबाट यस्तो सेवा प्राप्त गर्ने व्यक्तिहरुको संख्या करिब दुई हजार रहेको छ । जसमध्ये मधेश प्रदेश र गण्डकी प्रदेशमा करिब ६०० जनाको हाराहारीमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई विभिन्न क्षेत्रमा रोजगारीका लागी सिफारिस गरेको देखिन्छ ।

२.३.५ वैदेशिक रोजगार बोर्डले प्रदान गर्ने आर्थिक सहायतामा सहजीकरणको अवस्था

वैदेशिक रोजगार बोर्डले प्रदान गर्ने आर्थिक सहायता सम्बन्धी सेवाहरुमा समेत रोजगार सेवा केन्द्रलबाट सहजीकरण हुदै आएको छ । रोजगार सेवा केन्द्रबाट प्रवाह भएको आर्थिक सहायता सम्बन्धी सेवाको विवरण तपशिल अनुसार रहेको देखिन्छ ।

२.३.५.१ वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका व्यक्तिहरुको शव झिकाउने र शव ढुवानीको कार्यमा सहजीकरण



वैदेशिक रोजगारीका क्रममा विदेशमा मृत्यु भएका व्यक्तिहरुको शव झिकाउने कार्य तथा शवलाई ढुवानी गरि मृतकको घर वा तोकिएको स्थानसम्म पुर्याउनका लागि रोजगार सेवा केन्द्रबाट पनि सहजीकरणको काम हुदै आएको छ। विदेशमा मृत्यु भएकाको शव झिकाउन र शव ढुवानीका लागि गरिएको सहजीकरण संख्या क्रमशः ५६६ र ५७२ जनालाई गरिएको देखिन्छ। यस्तो सहजीकरण सात वटै प्रदेशमा करिब करिब बराबर जस्तो नै रहेको देखिन्छ।

२.३.५.२ वैदेशिक रोजगारीका क्रममा हराएका वा सम्पर्क विहिन भएका व्यक्तिहरुको उद्दार तथा खोज तलासमा सहजीकरण



वैदेशिक रोजगारीमा जाँदा अलपत्र वा बेपत्ता वा सम्पर्क विहिन भएका व्यक्तिहरुको उद्दार तथा खोज तलासका लागि पनि रोजगार सेवा केन्द्रमार्फत सेवा प्रवाह हुदै आएको छ। रोजगार सेवा केन्द्रमार्फत यस्तो सेवा लिन आउने जम्मा ३३४ जना व्यक्तिहरुलाई सहजीकरण गरिएको देखिन्छ। अध्ययनका अनुसार यस्तो सेवा प्राप्त गर्न सबैभन्दा बढी लुम्बिनी र कोशी प्रदेशमा क्रमशः ७४ र ७२ जनालाई सहजीकरण गरिएको देखिन्छ।

२.३.५.३ वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका परिवारलाई आर्थिक सहायताका लागि सहजीकरण

श्रम स्वीकृत लिएर वैदेशिक रोजगारीमा गएका व्यक्तिहरु विभिन्न कारणले मृत्यु भएको अवस्थामा विदेशमै वा स्वदेशमा फिर्ता भई मृत्यु भएको अवस्थामा मृतकका घरपरिवारले प्राप्त गर्ने आर्थिक सहायताका लागि रोजगार सेवा केन्द्रमार्फत जम्मा १०७० जनालाई सहजीकरण गरिएको देखिन्छ । अध्ययनले यस्तो सहजीकरण मधेश, लुम्बिनी र कोशी प्रदेशमा क्रमशः २६५, २५८ र २५० जनालाई गरिएको पाईन्छ । यस्तो सेवा वैदेशिक रोजगार बोर्डको जम्मा तथ्याङ्कको करिब ३८ प्रतिशत सेवा रोजगार सेवा केन्द्रबाट प्रवाह भएको देखिन्छ ।



२.३.५.४ वैदेशिक रोजगारीका क्रममा विरामी वा अंगभंग भएकाले प्राप्त गर्ने क्षतिपूर्तिका लागि सहजीकरण

वैदेशिक रोजगारीका क्रममा विभिन्न कारणले अंगभंग तथा बिरामी भएको कारणले वैदेशिकर रोजगार बोर्डबाट प्राप्त गर्ने क्षतिपूर्ति वा आर्थिक सहायताका लागि रोजगार सेवा केन्द्रमार्फत जम्मा ६४२ जनालाई सहजीकरण गरिएको देखिन्छ । अध्ययनका अनुसार यस्तो सहजीकरण सबैभन्दा बढी कोशी र मधेश प्रदेशमा क्रमशः१६३ र १६१ जनालाई गरिएको देखिन्छ ।



२.३.५.५ वैदेशिक रोजगारीमा रहेका श्रमिकका परिवारलाई पारिवारिक स्वास्थ्य उपचारमा सहजीकरण

वैदेशिक रोजगारमा गएको व्यक्तिको परिवारलाई जटिल रोग लागेको अवस्थामा प्राप्त गर्ने स्वास्थ्य उपचार प्राप्त गर्न आर्थिक सहयोगका लागि रोजगार सेवा केन्द्रमार्फत जम्मा ४९९ जनालाई सहजीकरण गरिएको देखिन्छ । अध्ययनले सबैभन्दा बढी कोशी प्रदेशमा १४० जनालाई रोजगार सेवा केन्द्रबाट पारिवारिक स्वास्थ्य उपचार प्राप्त गर्न सहजीकरण गरिएको देखिन्छ ।



२.३.५.६ वैदेशिक रोजगार सन्तती छात्रवृतिमा सहजीकरण

श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीको सिलसिलामा विदेश गएका व्यक्तिहरु बिरामी, अंगभंग भएर तथा मृत्यु भएको अवस्थामा शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेको अवस्थामा उक्त व्यक्तिका परिवारका सन्ततीले प्राप्त गर्ने छात्रवृत्तिको सुबिधाको लागी रोजगार सेवा केन्द्रबाट सेवा प्राप्त गर्न सहजीकरण गरिएको संख्या २२२७ रहेको छ । यसले राजधानीबाट टाढा दुरदराजमा रहेका व्यक्तिहरुले सहज र गाउँठाउँमै यो सुविधा लिई लाभान्वित भई रहेको अवस्था छ । अध्ययनले वैदेशिक रोजगार सन्तती छात्रवृतिका लागि सबैभन्दा बढी लुम्बिनी प्रदेशमा सहजीकरण गरिएको देखिन्छ ।



एकाई तीनः रोजगार सेवा केन्द्रको परिचय र आवश्यकता

३.१ रोजगार सेवा केन्द्रको परिचय

नेपालको संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक, रोजगारी छनौट गर्न पाउने हक, धारा ३४ ले प्रत्येक व्यक्तिलाई उचित श्रम अभ्यास गर्न पाउने हक तथा धारा ४३ ले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रुपमा सुनिश्चितता गरेको छ । त्यस्तै राज्यका निर्देशक सिद्धान्त तथा नीति अन्तर्गत धारा ५१ (राज्यका नीतिहरु) को (झ) मा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, श्रमिक र उद्यमी व्यवसायी बीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

नेपालको संविधानमा मौलिक हकको रूपमा रहेको रोजगारीको हक कार्यान्वयन गर्न निर्मित रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० बमोजिम प्रत्येक स्थानीय तह मातहत रही कार्य गर्ने गरी आजभन्दा सात वर्ष अगाडि मिति २०७५ मङ्सिर २४ गतेका दिन नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार हरेक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरिएको थियो । रोजगार सेवा प्रवाह गर्ने पहिलो बिन्दुको रूपमा स्थापित रोजगार सेवा केन्द्रले आफ्नो स्थापनाकाल देखि नै न्यूनतम रोजगारीका कार्यक्रम सञ्चालन गर्दै आएको छ । साथै केन्द्रले वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको व्यक्तिगत पुनः श्रम स्वीकृति, सुरक्षित आप्रवासन, पुनः एकीकरण लगायत वैदेशिक रोजगारीका क्रममा घाइते, अङ्गभङ्ग र मृत्यु भएका व्यक्ति वा निजका घरपरिवारहरूलाई क्षतिपूर्ति सम्बन्धी कल्याणकारी सेवामा सहजीकरण गर्दै आएको छ । मर्यादित श्रम र श्रमिकको हक अधिकार सुनिश्चित गर्ने काम समेत गर्दै आएको छ ।

आन्तरिक रोजगारी सिर्जना तथा प्रर्वद्धन गर्न, रोजगारीका अवसरहरूको जानकारी उपलब्ध गराउन, श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न, रोजगारीका सम्भावना तथा अवसरहरूको पहिचान गर्न, स्वरोजगारका अवसर एवम् सहुलियतपूर्ण कर्जाका प्रावधान सम्बन्धी जानकारी उपलब्ध गराउन, स्थानीय तहमा रहेका रोजगारदाताको प्रोफाइल निर्माण गर्न, रोजगार विनिमय सेवा, उद्यमशीलता विकास, सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई पुनः एकीकरण लगायतका विषयमा एकीकृत रूपमा सेवा प्रवाह गर्न, रोजगारीका अवसरमा विपन्न वर्गको पहुँच स्थापना गर्ने लगायतका कार्यका लागि रोजगार सेवा केन्द्रको स्थापना गरिएको हो । बेरोजगार व्यक्ति वा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुलाई सुरक्षित, मर्यादित र उत्पादनशील रोजगारीका अवसर उपलब्ध गराउन तथा श्रमिकको आधारभूत हक अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षाको प्रत्याभूति गर्न रोजगार सेवा केन्द्रको भूमिका महत्त्वपूर्ण रहेको छ ।

३.२ रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार

रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ६ बमोजिम रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-

(क) स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गर्ने,

(ख) सूचीकृत बेरोजगार व्यक्तिलाई परिचयपत्र वितरण गर्ने,

(ग) स्थानीय तहभित्र उपलब्ध रोजगारीका अवसरहरूको पहिचान गरी सोको सूचना प्रवाह गर्ने,

(घ) स्थानीय तहभित्रको रोजगारीको सम्भाव्य स्थिति विश्लेषण गरी रोजगारीको तथ्याङ्क सङ्कलन गर्ने, रोजगार नक्साङ्कन गर्ने तथा रोजगारीका अवसरको अभिलेखाङ्कन गर्ने,

(ङ) रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउने,

(च) रोजगारदाताबाट माग भए बमोजिम सूचीकृत बेरोजगार व्यक्तिलाई रोजगारीका लागि काममाजान सूचित गर्ने,

(छ) बेरोजगारहरूको ज्ञान, सीप, योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने,

(ज) आफ्ना कामकारवाहीको बारेमा नियमित रूपमा सम्बन्धित गाउँ कार्यपालिका तथा नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्ने,

(झ) ऐन तथा यस नियमावली बमोजिम आफूले गरेका काम कारबाहीको सम्बन्धमा मन्त्रालयले तोकेको ढाँचामा श्रम मन्त्रालय र प्रदेशको रोजगारी सम्बन्धी विषय हेर्ने मन्त्रालयमा मासिक रूपमा प्रतिवेदन पठाउने,

(ञ) आफ्नो कार्यक्षेत्र भित्रबाट वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरूका लागि सूचना सम्प्रेषण गर्ने,

(ट) वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा सहयोग पुर्याउने,

(ठ) बेरोजगार परिवारलाई प्रदान गर्ने निर्वाह भत्ता वितरण गर्ने,

(ड) सम्बन्धित स्थानीय तहमा रोजगारी तथा स्वरोजगारी सम्बन्धी कार्य गर्ने,

(ढ) अन्य सरकारी निकाय वा त्यस्ता निकायद्वारा सञ्चालित कार्यक्रमसँग समन्वय र सहकार्य गर्ने,

(ण) रोजगार सम्बन्धी सरोकारवालालाई अन्य सेवा प्रदान गर्ने।

३.३ रोजगार सेवा केन्द्रको उद्देश्यः

रोजगार सेवा केन्द्रको मुख्य उद्देश्य यस प्रकार रहेका छन्।

- बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने,
- बेरोजगार व्यक्ति वा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुलाई रोजगारीका अवसरहरुमा सहज पहुँच कायम गर्ने,
- सीप र रोजगारीबीच सन्तुलन कायम गर्ने,
- सुरक्षित र मर्यादित रोजगारी प्रवर्द्धन गर्ने,

- श्रम बजारलाई व्यवस्थित, पारदर्शी, सुरक्षित, समावेशी, सन्तुलित र स्वचालित बनाउने,
- स्थानीय तहमा समावेशी र गुणस्तरीय रोजगार सेवा प्रवाह गर्ने,
- श्रम बजारको सूचना संकलन, विश्लेषण र अद्यावधिक गर्ने,
- सरोकारवाला निकायहरु बीच समन्वय र सहकार्य बढाउने,
- वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषणरहित बनाउन सहयोग गर्ने,
- स्थानीय आर्थिक विकास र सामाजिक सुरक्षा प्रणाली सुदृढ गर्ने।

३.४ रोजगार सेवा केन्द्रको आवश्यकता

नेपाल जस्तो विकासशील देशमा बेरोजगारीको समस्या एउटा ठूलो समस्याको रूपमा रहेको छ। बेरोजगार व्यक्ति र रोजगारदाता बीचको दुरी कम गर्न तथा श्रम बजारलाई व्यवस्थित बनाउन रोजगार सेवा केन्द्र अपरिहार्य रहेको छ। रोजगारीको हक सम्बन्धी ऐन, नियमावली, रोजगार नीति तथा विभिन्न अध्ययन प्रतिवेदन, स्थानीय सरकार सञ्चालन ऐन र रोजगार क्षेत्रका अभ्यासकर्ता एवम् सरोकारवालाहरुसंगको छलफलबाट प्राप्त नतिजाको आधारमा रोजगार सेवा केन्द्रको आवश्यकता देहाय अनुसार रहेका छन्।

- रोजगारीको हकलाई कार्यान्वयन गर्न,
- संघ, प्रदेश र स्थानीय तहको रोजगारी सम्बन्धी नीति तथा रणनीतिहरु कार्यान्वयन गर्न,
- बेरोजगार व्यक्तिहरूको तथ्याङ्क संलकलन तथा व्यवस्थापन गर्न,
- न्यूनतम् रोजगार कार्यक्रमलाई कार्यान्वयन गर्न,
- रोजगारीमूलक कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न,
- रोजगारीसँग सम्बन्धित सम्पूर्ण सेवाहरुलाई एकद्वार प्रणालीमार्फत स्थानीय तहबाट सहज र सर्वसुलभ रुपमा उपलब्ध गराउन,
- रोजगारमूलक सेवा, सूचना, जानकारी, परामर्श प्रदान गर्न,
- स्थानीय स्तरमा रहेका रोजगारीका सम्भावना तथा अवसरहरुको पहिचान गर्न,
- स्थानीय स्तरमा रोजगारी सिर्जना एवम् प्रवर्द्धन गर्न,
- रोजगारदाता र बेरोजगार व्यक्ति बीच पुलको काम गर्न,
- श्रम बजार सम्बन्धी जानकारी, सूचना र परामर्श प्रदान गर्न,
- रोजगार उन्मुख सीपमूलक तालिमहरु सञ्चालन तथा सहजीकरण गर्न,
- स्थानीय श्रम बजारलाई व्यवस्थित, गतिशील र चलायमान बनाउन,
- श्रम बजारको माग र आपूर्तिलाई सन्तुलन गर्न,
- आन्तरिक रोजगार प्रवर्द्धन गर्न तथा बेरोजगारी दर घटाउन,

- दक्ष श्रमिक उत्पादन गरी उद्योग र सेवा क्षेत्रलाई सुदृढ बनाउन,
- रोजगार सेवालाई जनमुखी र पहुँचयोग्य बनाउन,
- उद्यमशीलता एवम् स्वरोजगारलाई प्रवर्द्धन गर्न,
- महिला, दलित र अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारीमा सहज पहुँच कायम गर्न,
- निजी क्षेत्रसँग समन्वय, सहकार्य र सम्बन्ध स्थापित गर्न,
- विभिन्न रोजगार आयोजनाहरुबाट श्रमिक माग भए बमोजिम सूचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउन,
- श्रम बजगारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गर्न,
- बेरोजगार व्यक्ति वा श्रमिकलाई श्रम बजार सङ्ग जोड्न,
- बालश्रम अन्त्य गर्न तथा बालश्रम सम्बद्ध समस्याहरूको समाधानका लागि पहल गर्न,
- आन्तरिक तथा वैदेशिक रोजगार सम्बन्धी सूचना, जानकारी, परामर्श र मार्गदर्शन प्रदान गर्न,
- वैदेशिक रोजगार सम्बन्धी सेवा प्रवाहमा सहजीकरण गर्न,
- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषणरहित बनाउन,
- व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृती सम्बन्धी कार्यमा सहजीकरण गर्न,
- वैदेशिक रोजगारबाट फर्केकाहरूको पुनः एकीकरणमा सहयोग पुऱ्याउन,
- वैदेशिक रोजगारीमा हुने ठगी न्यूनीकरण गर्न,
- वैदेशिक रोजगारीमा जाँदा हुने विभिन्न समस्याको समाधानमा सहयोग र सहजीकरण गर्न,
- वैदेशिक रोजगारीका सिलसिलामा अंगभंग, घाईते तथा मृत्यू भएका व्यक्ति वा परिवारलाई बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवा तथा आर्थिक सहायतामा सहजीकरण गर्न,
- वैदेशिक रोजगारीका सिलसिलामा बेपता वा सम्पर्कबिहिन भएका व्यक्तिको उद्दार तथा खोज तालसमा सहजीकरण गर्न,
- वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका व्यक्तिको शव ढुवानीमा सहयोग गर्न,
- वैदेशिक रोजगारीका सिलसिलामा अंगभंग, घाईते तथा मृत्यू भएका व्यक्तिका सन्ततीहरुलाफ बोर्डबाट प्रदान गरिने छात्रवृत्तिमा सहजीकरण गर्न,
- वैदेशिक रोजगार माथिको निर्भरता घटाउन,
- मर्यादित श्रमलाई प्रवर्द्धन गर्न,
- श्रमिकको हक अधिकार सुनिश्चित गर्न,
- स्थानीय आर्थिक गतिविधिलाई प्रोत्साहन गरी दिगो आर्थिक विकासमा सहयोग गर्न,
- रोजगारी सम्बन्धी अध्ययन, अनुसन्धान गर्न।

एकाई चार: सुझाव र निश्कर्ष

४.१ रोजगार सेवा केन्द्रका बाधा अवरोधहरु

अध्ययनका क्रममा रोजगार संयोजकहरुबाट प्राप्त तथ्य, श्रम तथा रोजगार क्षेत्रका सरोकारवाला निकाय एवम् विकास साझेदार संस्था, विज्ञ र अभ्यासकर्ताहरुसंगको छलफलको आधारमा रोजगार सेवा केन्द्रलाई समुचित एवम् प्रभावकारी रुपमा सञ्चालन गर्न निम्न बाधा अवरोधहरुको सामना गर्नु परेको तथ्य उजागर भएका छन् ।

- पर्याप्त बजेट र स्रोत साधनको अभाव,
- प्रदेश र स्थानीय तहको अपनत्वको कमी,
- जनशक्तिको अभाव,
- दक्षता एवम् क्षमताको कमी,
- प्रदेश तथा स्थानीय तहले रोजगार सेवा केन्द्रलाई सक्षम, जवाफदेहि र उत्तरदायी संयन्त्रको रुपमा विकास गर्न नसक्नु,
- एकद्वार प्रणालीको नीति अनुरुप रोजगारमूलक कार्यक्रमहरु रोजगार सेवा केन्द्रमार्फत मात्र सञ्चालन नहुनु,
- रोजगार सेवा केन्द्रको विकासमा सरोकारवालाहरु निकायहरु उदासीन रहनु,
- रोजगार सेवा केन्द्र सञ्चालनको स्पष्ट नीति र कार्यविधिको अभाव रहनु,
- स्थानीय, प्रदेश, संघीय सरकार र अन्य सरकारी तथा गैरसरकारी निकायहरु बीच समन्वय र सहकार्य नहुनु,
- रोजगार सेवा केन्द्रलाई चाहिने आवश्यक आधारभूत भौतिक, सूचना प्रविधि र मेशिन उपकरण लगायतका पूर्वाधारहरुको कमी,
- स्थानीय तहले रोजगार सेवा केन्द्रलाई संघीय सरकारको कार्यक्रमको रूपमा हेर्नु,
- श्रम बजार सूचना व्यवस्थापन प्रणालीको कार्यान्वयनमा ढिलाई हुनु,
- रोजगार सेवा केन्द्र स्थानीय तहको संरचनामा नसमेटिनु,
- रोजगारमूलक कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा जनप्रतिनिधीहरुले चासो नेदखाउनु,
- राजनीतिक हस्तक्षेप ।

४.२ रोजगार सेवा केन्द्रलाई प्रभावकारी र पहुँचयोग्य बनाउन सकिने उपायहरु

अध्ययनका क्रममा रोजगार संयोजकहरुबाट प्राप्त सुझाव, श्रम तथा रोजगार क्षेत्रका सरोकारवाला निकाय एवम् विकास साझेदार संस्था, विज्ञ र अभ्यासकर्ताहरुसंगको सम्वादको आधारमा रोजगार सेवा केन्द्रलाई व्यवस्थित, प्रभावकारी तथा पहुँचयोग्य बनाउन निम्न उपायहरु अवलम्वन गर्नु पर्ने देखिन्छ ।

- रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि स्पष्ट मापदण्ड वा कार्यविधि जारी गर्नुपर्ने,

- स्थानीय तहले अपन्वत्व लिनुपर्ने,
- रोजगार सेवा केन्द्रलाई स्थानीय तहको संगठनात्मक संरचना भित्र समाहित गर्नुपर्ने,
- दक्ष जनशक्ति, प्रविधि, मेशिन उपकरण र स्रोत साधनको व्यवस्था गर्नुपर्ने,
- रोजगार सेवाको गुणस्तर र प्रभावकारितामा सुधार गर्नुपर्ने,
- रोजगार सेवाको विविधिकरण गर्नुपर्ने,
- श्रम र आन्तरिक तथा वैदेशिक रोजगारीसँग सम्बन्धित सम्पूर्ण कार्यक्रम, सेवा, सुविधा, सूचना, जानकारी तथा परामर्शहरु एकद्वार प्रणालीमार्फत रोजगार सेवा केन्द्रबाट प्रवाह गर्नुपर्ने,
- रोजगार विनिमयको काम गर्नुपर्ने,
- सीपमूलक तालिम सम्बन्धी कार्यहरु संचालन गर्दा रोजगार सेवा केन्द्रमा सूचीकृत वेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिने व्यवस्था गर्नुपर्ने,
- रोगजार सेवा केन्द्रलाई पूर्ण रुपमा प्रविधिमैत्री बनाउने,
- श्रम बजार सूचना व्यवस्थापन प्रणालीको विस्तार गरी सशक्त र प्रभावकारी बनाउन रोजगारदाताहरुलाई आबद्ध गर्ने,
- रोजगारदाताहरूलाई रोजगार सेवा केन्द्रमार्फत श्रमिक माग गर्न प्रोत्साहन गर्नुपर्ने,
- रोजगार सेवा केन्द्रलाई रोजगारी, सीप विकास र उद्यमशीलता विकासको केन्द्रको रुपमा समेत विकास गर्नुपर्ने,
- रोजगार सेवा केन्द्रका सूचना र आवेदन प्रक्रियाहरूलाई पूर्ण अनलाइन प्रणालीमार्फत सहज र सरल रुपमा सेवाग्राहीहरु समक्ष पुर्याउने व्यवस्था गर्नुपर्ने,
- दूरदराजका नागरिकहरुलाई मोबाइल एप्लिकेशन मार्फत रोजगार सूचना उपलब्ध गराउनु पर्ने,
- रोजगार सेवा केन्द्रको काम, प्रवाह गरिने सेवा, सूचना र जानकारी बारे प्रचारप्रसार र सचेतना कार्यक्रम सञ्चालन गर्ने।

४.३ मुख्य नतिजाहरू

रोजगारीसंग सम्बन्धित ऐन, नियमावली, नीति तथा अध्ययन प्रतिवेदन र संकलित विभिन्न तथ्यहरुका आधारमा अध्ययनले देहायका मुख्य नतिजाहरु प्राप्त गरेका छन्।

- रोजगार सेवा केन्द्रहरू श्रम बजार सुधारको मुख्य संयन्त्र रहेको,
- संस्थागत संरचना, स्रोत र जनशक्तिको कमीका कारण प्रभावकारिता सीमित देखिएको,
- अपनत्वको कमीका कमजोर कार्यान्वयन प्रणाली,
- Monitoring, Data Management, Career Counselling जस्ता सीपहरूको अभावले कार्य दक्षता घटाएको,

- युवाहरूमा रोजगार सेवा केन्द्रको बारेमा जानकारी र पहुँच न्यून,
- रोजगारी खोज्ने र रोजगारदाताबीच रोजगार मिलान सूचना प्रणालीको अभाव रहेको,
- निजी क्षेत्रसँगको समन्वय र सहकार्य न्यून भएकाले रोजगारी मिलान प्रभावकारी नरहेको,
- नीतिगत तथा कार्यविधिगत अस्पष्टताका कारण केन्द्रहरूको भूमिका स्पष्ट नरहेको,
- कमजोर अनुगमन प्रणाली।

४.४ सुझावहरू

नेपालको वर्तमान परिवेशमा युवा पुस्तालाई श्रम बजारसंग आबद्ध गर्न, रोजगार सेवा केन्द्रको सेवा विस्तार गर्न तथा वैदेशिकर रोजगारलाई सहज, सुरक्षित र ठगी रहित बनाउन रोजगार सेवा केन्द्र नितान्त आवश्यक रहेका छन्। रोजगार सेवा केन्द्रलाई पहुँचयोग्य बनाउन देहायका सुझावहरु प्रस्तुत गरिएको छ।

- रोजगार सेवा केन्द्रहरूलाई स्थायी संरचना र संस्थागत सुदृढीकरण गर्नुपर्छ।
- कर्मचारीहरुको दक्षता विकास र नियमित तालिम कार्यक्रम सञ्चालन गर्नुपर्छ।
- एकीकृत श्रम बजार सूचना प्रणाली (LMIS) सञ्चालन गर्न आवश्यक छ।
- डिजिटल पोर्टल, मोबाइल एप र अनलाइन प्लेटफर्म मार्फत सेवाग्राही पहुँच विस्तार गर्नुपर्छ।
- Monitoring, Data Management, Counselling र Communication Skill सम्बन्धी क्षमता विकास तालिम दिनुपर्छ।
- विद्यालय र कलेजहरुमा केन्द्रमार्फत करियर परामर्श कार्यक्रम सञ्चालन गर्नुपर्छ।
- स्थानीय र प्रदेशले अपनत्व ग्रहण गरी नियमित बजेट विनियोजन र प्रविधिक सहयोग सुनिश्चित गर्नुपर्छ।
- नीति, कार्यविधि र कार्यान्वयन बीचको समन्वय प्रणाली बलियो बनाईनु पर्छ।
- सरकारी, गैरसरकारी, निजी क्षेत्र र विकास साझेदार संस्थाहरुबीच समन्वय र सहकार्य प्रणालीको विकास गर्नुपर्छ।

४.५ निश्कर्ष

रोजगार सेवा केन्द्रहरू स्थानीय श्रम बजार सुदृढीकरण गर्न, युवाहरुको आर्थिक सशक्तीकरण र नेपालमा बेरोजगारी घटाउनका लागि अपरिहार्य संयन्त्र हुन्। केन्द्रको प्रभावकारिता सुनिश्चित गर्नका लागि संस्थागत, नीतिगत र प्रविधिगत सुधार अपरिहार्य रहेका छन्। तर यसको प्रभावकारिता अझै प्रारम्भिक अवस्थामा सीमित छ। रोजगार सेवा केन्द्रहरूको संस्थागत सुदृढीकरण, प्रविधिगत रूपमा सक्षम, जनशक्ति दृष्टिले दक्ष, र नीतिगत रूपमा स्पष्ट बनाउन सकिएमा मात्र यी रोजगार सेवा केन्द्रहरू रोजगार सेवा प्रवाह, रोजगारका सम्भावनाहरुको पहिचान, रोजगारी सिर्जना एवम् प्रवर्द्धन, युवाहरुलाई स्वदेशमै समुचित परिचालन, रोजगार र सीपबीचको अन्तर कम गर्ने र वैदेशिक रोजगारमाथिको निर्भरता घटाउने संयन्त्र बन्न सक्छन्। सुदृढ, पहुँचयोग्य र दिगो श्रम बजार प्रणालीले नेपालको

सामाजिक आर्थिक विकासमा दीर्घकालीन योगदान पुऱ्याउन सक्नेछ । रोजगार सेवा केन्द्रहरूले रोजगारी खोज्ने र रोजगारदाता बीच पुलको रूपमा काम गर्छन् । तसर्थ स्थानीय तहमा रोजगार सेवा केन्द्रको भूमिका अपरिहार्य रहेका छन् ।

रोजगार सेवा केन्द्रसंग सम्बन्धित तथ्याङ्क

Factsheet of Employment Service Center

१. रोजगार सेवा केन्द्रको संक्षिप्त कार्य प्रगति प्रतिवेदन विवरण

(स्रोत : pmep.gov.np र रोजगार सेवा केन्द्रहरुसँगको सम्पर्क)

सूचीकृत बेरोजगार व्यक्तिहरुको समष्टिगत विवरण



समष्टिगत औषत रोजगारी दिन



रोजगारमूलक आयोजनाहरुमा रोजगारी प्राप्त गरेका सूचीकृत बेरोजगार व्यक्तिहरुको विवरण



रोजगार सेवा केन्द्रबाट सञ्चालन भएका रोजगारमूलक आयोजनाहरुको विवरण



तयार गर्ने : श्री कृष्ण ज्ञवाली
पद : रोजगार संयोजक मो.नं.- ९८५७०४४२६९
कायालय : तिनाउ गाउपालिका, पाल्पा, लुम्बिनी प्रदेश इमेल krishnagyawali19@gmail.com

तयार गर्ने : श्री संदीप कुमार शाह
पद : रोजगार संयोजक मो.नं.- ९८५११८८२१०
कायालय : पराहा नगरपालिका, रातहट, मधेष प्रदेश इमेल sahsandeep99@gmail.com

Factsheet of Employment Service Center

१. रोजगार सेवा केन्द्रको संक्षिप्त कार्य प्रगति प्रतिवेदन विवरण

(स्रोत : pmep.gov.np र रोजगार सेवा केन्द्रहरुसँगको सम्पर्क)

प्रदेशगत रुपमा विगत ६ वर्षको सूचीकृत बेरोजगार व्यक्तिहरुको विवरण (हजारमा)



प्रदेशगत रुपमा विगत ६ वर्षको औषत रोजगारी दिन



तयार गर्ने
कृष्ण ज्ञवाली
संदिप कुमार शाह

प्रदेशगत रुपमा विगत ६ वर्षमा रोजगारी प्राप्त गरेका सूचीकृत बेरोजगार व्यक्तिहरुको विवरण (हजारमा)



प्रदेशगत रुपमा विगत ६ वर्षमा सञ्चालन भएका रोजगारमूलक आयोजनाहरुको विवरण







तयार गर्ने : श्री कृष्ण ज्ञवाली
पद : रोजगार संयोजक मो.नं.- ९८५७०४४२६९
कार्यालय : तिनाउ गाउँपालिका, पाल्पा, लुम्बिनी प्रदेश ईमेल krishnagyawali19@gmail.com

तयार गर्ने : श्री संदीप कुमार शाह
पद : रोजगार संयोजक मो.नं.- ९८५११८८२१०
कार्यालय : परोहा नगरपालिका, रौतहट, मधेष प्रदेश ईमेल sahsandeep99@gmail.com

Factsheet of Employment Service Center

रोजगार सेवा केन्द्रबाट प्रदान गरिने वैदेशिक रोजगार सम्बन्धी सेवाहरुको विवरण

७ वटै प्रदेशका करिब सबै जिल्लाहरुको प्रतिनिधित्व हुने गरि गरिएको २४७ स्थानीय तहको अध्ययनका आधारमा तयार गरिएको

(स्रोत : pmep.gov.np र रोजगार सेवा केन्द्रहरुसँगको सम्पर्क)

रोजगार सेवा केन्द्रमार्फत पुनः श्रम स्वीकृतिका लागि सहजीकरण गरिएका व्यक्तिहरुको विवरण



रोजगार सेवा केन्द्रमार्फत वैदेशिक रोजगारी सम्बन्धी परामर्श सेवा वा सूचना प्रदान गरिएका व्यक्तिहरुको विवरण



वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका परिवारलाई आर्थिक सहायताका लागि रोजगार सेवा केन्द्रमार्फत गरिएको सहजीकरण संख्या



वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका व्यक्तिहरुका शव ल्याउनका लागि र शव ढुवानीका लागि रोजगार सेवा केन्द्रमार्फत गरिएको सहजीकरण संख्या



वैदेशिक रोजगारीका क्रममा हराएका वा वेपता भएका व्यक्तिहरुको खोज तलाशका लागि रोजगार सेवा केन्द्रमार्फत गरिएको सहजीकरण संख्या



वैदेशिक रोजगारीका क्रममा मृत्यु वा पूर्ण अशक्त वा गम्भिर विरामी भएका व्यक्तिहरुका सन्ततिहरुका छात्रवृत्तिका लागि रोजगार सेवा केन्द्रमार्फत गरिएको सहजीकरण संख्या



तयार गर्ने : श्री कृष्ण ज्ञवाली
पद : रोजगार संयोजक मो.नं.- ९८५७०४४२६९
कार्यालय : तिनाउ गाउँपालिका, पाल्पा, लुम्बिनी प्रदेश ईमेल krishnagyawali19@gmail.com

तयार गर्ने : श्री संदीप कुमार शाह
पद : रोजगार संयोजक मो.नं.- ९८५११८८२१०
कार्यालय : परोहा नगरपालिका, रौतहट, मधेष प्रदेश ईमेल sahsandeep99@gmail.com

बैदेशिक रोजगारीका क्रममा विरामी वा अंगभंग भएकाले प्राप्त गर्ने क्षतिपूर्तिमा सहजीकरण



वैदेशिक रोजगारीमा रहेका श्रमिकका परिवारलाई पारिवारिक स्वास्थ्य उपचारमा सहजीकरण



सीपमूलक तालिममा सहभागीहुनका लागी गरिएको सहजीकरण व्यक्तिको संख्या



बिभिन्न किसिमका रोजगारीका लागी सिफारिस गरिएको व्यक्तिको संख्या



अध्ययनका लागी प्रदेशगत रुपमा लिइएको स्थानीय तहको संख्या



अध्ययनमा समेटीएको प्रदेशगत जिल्लाको संख्या



रोजगार सेवा केन्द्रबाट प्रदान गरिने वैदेशिक रोजगार सम्बन्धी सेवाहरुको समष्टिगत विवरण



तयार गर्ने : श्री कृष्ण ज्ञवाली
पद : रोजगार संयोजक मो.नं.- ९८५७०४४२६९
कार्यालय : तिनाउ गाउँपालिका, पाल्पा, लुम्बिनी प्रदेश ईमेल krishnagyawali19@gmail.com

तयार गर्ने : श्री संदीप कुमार शाह
पद : रोजगार संयोजक मो.नं.- ९८५११८८२१०
कार्यालय : परोहा नगरपालिका, रौतहट, मधेष प्रदेश ईमेल sahsandeep99@gmail.com

सन्दर्भ सामग्री

१. नेपालको संविधान, २०७२
२. रोजगारीको हक सम्बन्धी ऐन, २०७५
३. रोजगारी सम्बन्धी नियमावली, २०७५
४. एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०
५. पाँच वर्षे रणनीतिक योजना, २०७९-०८४, नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, काठमाडौं
६. एकीकृत राष्ट्रिय रोजगार प्रणालीको ढाँचा सम्बन्धी प्रतिवेदन, २०७९
७. सोह्रौं आवधिक योजना (२०८१/८२-२०८५/८६), राष्ट्रिय योजना आयोग, नेपाल
८. विभिन्न मन्त्रालयहरुबाट प्रकाशित प्रतिवेदनहरु
९. विभिन्न मन्त्रालय तथा विकास साझेदार संस्थाहरुको वेबसाईटहरु

अध्ययनकर्ताको परिचय



नाम: संदीप कुमार साह
जन्मस्थान: माधव नारायण नगरपालिका-२, रौतहट (मधेश प्रदेश), नेपाल
शिक्षा: एम.एड., एम.ए., कानुन (अध्ययनरत्)



नाम: कृष्ण ज्ञवाली
जन्मस्थान: सैनामैना नगरपालिका-१०, रुपन्देही (लुम्बिनी प्रदेश), नेपाल
शिक्षा: एम.ए.

प्रकाशन सहयोग

पोलिसी इन्नोभेसन एन्ड ट्रान्स्फर्मेसन नेपाल
(ईम्प्लोयमेन्ट सेक्टर रिफर्म डायलग फोरम)
गौर, रौतहट (मधेश प्रदेश)

लुम्बिनी डेभलपमेन्ट भिजन नेपाल
बुटवल, रुपन्देही (लुम्बिनी प्रदेश)